मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १२५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत १० गते मंगलबार (Tuesday, 24 March. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## नाबालिकाको चरित्र हत्या गर्दा...

**काठमाडौं, चैत ९।** नाबालिकाको अन्तरङ्ग तस्वीर तथा भिडियो टेलिग्राम एकाउन्टबाट प्रशारण गरी चरित्रहत्या गरेको आरोपमा एक व्यक्ति पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा काभ्रेपलान्चोक जिल्ला, नमोबुद्ध नगरपालिका-८ दारीमबोट स्थायी वतन भई काठमाडौं बस्ने वर्ष २२ को अशोक लामा रहेका छन् । नाबालिकाको अन्तरङ्ग तस्वीर तथा भिडियो टेलिग्राम एकाउन्टबाट प्रशारण भइरहेको भन्ने जानकारी नाबालिकाले इन्स्टाग्राम एकाउण्टका

*(बाँकी अन्तिम पृष्ठमा)*

## मोबाइलबाट एक अर्ब ३६ करोडको अबैध कारोबार

**काठमाडौं, चैत ९।** प्रहरीले अभौतिक मुद्रा (क्रिप्टो करेन्सी) कारोबारमा संलग्न रहेको अभियोगमा एक भारतीयसहित ३ जनालाई पक्राउ गरेको छ । गतशुक्रबार पक्राउ परेकाहरुको विवरण प्रहरीले सोमबार सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमध्ये एक भारतीय नागरिक प्रवेश अलीले आफ्नो मोबाइलबाट एक अर्ब ३६ करोड ८० लाख ४५ हजार ५ सय ८० रूपैयाँ ४ पैसा रकम बराबरको कारोबार गरेको प्रारम्भिक अनुसन्धानबाट पत्ता लागेको प्रहरीले जनाएको छ । उनी ललितपुर महानगरपालिका-१३ एकान्तकुनामा बस्दै आएका थिए । भारत पश्चिम बंगाल राज्य मोदिनीपुर मोयना थाना उत्तर श्रीकण्ठा ग्राम घर भएका ४१ वर्षीय अलीको हुण्डी कारोबारीसँग सर्म्पक रहेको खुलेको छ ।

पक्राउ परेका दुई नेपालीहरूमा काठमाडौं महानगरपालिका-६ बौद्ध जोरपाटी बस्दै आएका नरेश रेउले र भक्तपुर बस्दै आएकी दिप्ती पोखरेल छन् । रेउलेको घर नेपालगञ्ज उपमहानगरपालिका-२०मा रहेको तथा पोखरलेको घर सर्लाही ईश्वरपुर नगरपालिका-३ मा रहेको प्रहरीले जनाएको छ ।

हुण्डी तथा अभौतिक मुद्रा समेतको अवैध कारोबार गर्ने गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले नरेशलाई काठमाडौं महानगरपालिका-२६ सामाखुशीबाट पक्राउ गरेको थियो । सोधपुछको क्रममा उनले दिप्ती र प्रवेशको लागि यूएसडीटी खरिद बिक्री गर्ने गरेको खुलेको थियो । उनको सूचना अनुसार दिप्तीलाई काठमाडौं महानगरपालिका-२६ सामाखुशीस्थित रेडहनपुलबाट नगद १५ लाख ३० हजार रूपैयाँ सहित र प्रवेशलाई ललितपुर महानगरपालिका-१३ एकान्तकुनाबाट प्रहरीले पक्राउ गरेको हो । उनीहरूलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

# कोका-कोला लगायतका पेय पदार्थले क्यान्सर हुने चेतावनी

## पेटका सूक्ष्म जीव र रोग प्रतिरोधात्मक क्षमतामा गम्भीर असर पुऱ्याउने

**काठमाडौं, चैत ९।** विश्व स्वास्थ्य संगठन डब्ल्यूएचओले कोका-कोला, इनर्जी ड्रिङ्क्स, चुईङ्गम लगायतका पेय तथा खाद्य पदार्थमा प्रयोग गरिने गुलियोले क्यान्सर हुनसक्ने चेतावनीलाई हालै सार्वजनिक भएको एक वैज्ञानिक अनुसन्धानले समेत पुष्टि गरेको छ ।

अनुसन्धानले चिनीयुक्त र चिनी नभएका दुवै प्रकारका कोला पेय पदार्थहरूको दीर्घकालीन सेवनले स्वास्थ्यमा गम्भीर नकारात्मक असर पार्ने देखाएको छ । कोका-कोलालगायत अन्य पेय तथा खाद्यपदार्थलाई मीठो बनाउन प्रयोग गरिने आर्टिफिसियल स्वीटनर एस्पार्टमले क्यान्सरको जोखिम बढाउने चेतावनी डब्ल्युएचओले दिएको थियो ।

बैज्ञानिकहरुले गरेका अनुसन्धानमा मुसामा गरिएको ८ हप्ताको गहन परीक्षणले पानीको सट्टा कोला पिउँदा पेटको माइक्रोबायोटाको सन्तुलन बिग्रनुका साथै शरीरको रोग प्रतिरोधात्मक क्षमतामा गम्भीर ह्रास आउने तथ्य फेला पारेको हो । एस्पार्टम कोका-कोला, डाइट सोडा, मार्स एक्स्ट्रा च्युइङ्गम र केही अन्य पेय तथा खाद्यपदार्थमा प्रयोग गर्ने गरिन्छ ।




फ्रान्समा एस्पार्टमबारे भएको एउटा अनुसन्धानले त्यसको प्रयोगले क्यान्सरको खतरा उच्च बनाउने देखाएको थियो । आर्टिफिसियल स्विटनर सेवन गर्ने १ लाख मानिसमा उक्त अध्ययन गरिएको थियो । त्यसबाट कृत्रिम मिठास भएका पेय तथा खाद्य पदार्थको अधिक सेवन गर्नेलाई क्यान्सरको उच्च जोखिम रहने ठहर गरिएको थियो ।

डब्ल्यूएचओको एजेन्सी फर रिसर्च अन क्यान्सरले आधिकारिक रुपमा उक्त घोषणा गरेसँगै बहुर्राष्ट्रिय कम्पनीहरुमा हलचल पैदा भएको छ ।

अध्ययनका अनुसार कोलाको सेवनले पेटमा पाइने लाभदायक ब्याक्टेरियाहरूको संरचनामा ठूलो परिवर्तन ल्याउँछ । विशेष गरी फर्मिक्युट्स भनिने फाइदाजनक ब्याक्टेरियाको संख्या घट्ने र ब्याक्टेरोइडोटा तथा डेसल्फोब्याक्टोरा जस्ता सम्भावित हानिकारक ब्याक्टेरियाको संख्या बढ्ने देखिएको छ । अनुसन्धानले के देखाएको छ भने पेटको स्वास्थ्यका लागि महत्वपूर्ण मानिने ल्याक्टोबैसिलस र लाचनोस्पाइरेसी जस्ता सूक्ष्म जीवहरू कोला सेवनका कारण निकै कम हुन्छन् । यी सूक्ष्म जीवहरूले शरीरमा 'शर्ट-चेन फ्याट्टी एसिड' उत्पादन गरी रोग प्रतिरोधात्मक प्रणाली र पाचन प्रक्रियालाई मजबुत बनाउन मद्दत गर्छन् । पेटको यो असन्तुलनले शरीरमा दीर्घकालीन जलन निम्त्याउन सक्छ ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## अपाङ्ग संघ बिघटनको बिरोध




**पार्थ मण्डल**

**भद्रपुर, चैत ९।** भद्रपुर-४स्थित नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र, झापा शाखालाई केन्द्रीय समितिले विघटन गरी नयाँ तदर्थ समिति गठन गरेको भन्दै शाखाका पदाधिकारी तथा सदस्यहरू बिरोधमा उत्रिएका छन् ।

अदालतको अन्तरिम आदेशले बनेको केन्द्रीय समितिले झापा जिल्ला शाखालाई बिघटन गरी लगाइएको विभिन्न कपोकल्पित लाञ्छनाहरू प्रमाणित नभएसम्म केन्द्रले गरेको कुनै पनि निर्णयहरू कार्यान्वयन नगर्ने/नगराउने आन्दोलन परिचालन समितिका संयोजक तोयानाथ गड्तौलाले बताए ।

केन्द्रीय समितिले फागुन १२ र १३ गते गरेको भनिएको जिल्ला शाखा विघटन र नयाँ तदर्थ समिति गठनको निर्णय पूर्णत: एकपक्षीय र विधान विपरीत छ । जिल्ला शाखाको आफ्नै पहलमा अपाङ्गताको क्षेत्रमा कोशी प्रदेशको एक मात्र अपाङ्गता पुनर्स्थापना केन्द्रमार्फत संवेदनशील सेवा सञ्चालन गरिरहेको निर्वाचित समितिलाई कुनै आधार प्रमाण बेगर नै आफ्नो स्वार्थसिद्ध गर्ने मनशायले अदालतबाट अन्तरिम आदेश प्राप्त गरेको वर्तमान केन्द्रीय समितिबाट गरिएको यस्तो निर्णयले संस्थाको गरिमामा आँच पुऱ्याउने काम भएको संयोजक गड्तौलाले बताए । शाखाको काम कारबाहीलाई प्रभावित नहुने गरी केन्द्रीय समितिको निर्णयबिरुद्ध शान्तिपूर्ण रुपमा बिरोधका कार्यक्रमहरू जारी राख्ने उनले बताए ।

यस बारेमा जिल्ला प्रशासन कार्यालय झापा र भद्रपुर नगरपालिका कार्यालयको समेत ध्यानाकर्षण गराइसकेको उनको भनाइ छ । गतमंसीर १२ गते केन्द्रीय कार्य समितिको नयाँ पदाधिकारी चयनका लागि साम्देन लामा र यज्ञप्रसाद उप्रेती समूहले फरक-फरक दुई स्थानमा अधिवेशन सम्पन्न गरी नेतृत्व चयन गरेका थिए । केन्द्रीय समितिमा दुई पक्षको दुई सभापति भएपछि लामा समूह कानूनी उपचारका लागि अदालत पुग्यो । अदालतले पनि लामा समूहको पक्षमा अन्तरिम आदेश जारी गरिदियो । अन्तरिम आदेशको बलमा केन्द्रीय समितिका लामा पक्षले विभिन्न लाञ्छना लगाउँदै झापासहित अन्य जिल्लाहरू पनि विघटन गरी तदर्थ समिति गठन गरेको जनाइएको छ । झापाको हकमा सुशीला बस्नेतको नेतृत्वमा पाँच सदस्यीय तदर्थ समिति गठन गरिएको रहेछ ।

संस्थाको विधान बमोजिम २०८० सालमा निर्वाचन प्रक्रियाबाट गठित झापा शाखाका पदाधिकारीहरूको कार्यकाल सकिन करिब ६ महिना बाँकी छ । ६ महिना रहँदै लामा पक्षले विभिन्न आरोप लगाउँदै शाखा बिघटन गर्नु संस्थाको विधान र अदालतको मर्म विपरीत रहेको पूर्वकेन्द्रीय सभापति धनजुजु श्रेष्ठले बताए ।

अपाङ्ग संघ जस्तो सेवामुखि संस्थामा व्यक्तिगत स्वार्थ हाबी हुँदा यस्तो समस्या उत्पन्न भएको हो । 'अदालतको पूर्ण पाठसहितको फैसला आउन बाँकी छ'- उनले भने- 'अन्तरिम आदेशबाट चलेको केन्द्रीय समितिको निर्णय विधान र संस्थाको हित विपरीत छ, जुन हामी मान्दैनौं र मान्न पनि दिँदैनौं ।' लामा पक्षमा नलागेकै कारण झापा शाखाका पदाधिकारीप्रति विभिन्न आरोप लगाएर विघटन गरेको झापा शाखाका उपसभापति पवन श्रेष्ठले बताए । पदाधिकारीमाथि लगाएको आरोप पुष्टि नगरुन्जेल केन्द्रीय समितिको कुनै पनि निर्णय नमान्ने उनले बताए ।

संस्थामा आश्रित र सेवा लिइरहेका अपाङ्गता भएका व्यक्तिहरूको हकहित र सेवा प्रवाह तथा संरक्षणमा समेत बाधा पुऱ्याउने गरी अल्पकालीन आदेश प्राप्त गरेको केन्द्रीय समितिले चालेको यो कदमले झापा शाखाले सञ्चालन गर्दै आएको सेवा प्रवाहमा जटिलता समेत निम्त्याएको शाखाका सचिव चन्दनकुमार महतोले बताए । बिगत ६ वर्षदेखि सहारा विहीन १८ जना अपाङ्गता

*(बाँकी अन्तिम पृष्ठमा)*

## हिरासतमा अग्रवाल कुटपिट प्रकरणमा 'हेल्लो सरकार' को चासो

**झापा, चैत ९।** बिर्तामोडका युवा व्यवसायी कृष्ण अग्रवालमाथि हिरासत कक्षमै कुटपिट भएको घटनामा 'हेल्लो सरकार'ले चासो देखाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित 'हेल्लो सरकार' मा उजुरी परेपछि छानबिन प्रक्रिया अघि बढाइएको हो ।

घटनाबारे प्रतिवेदन पेश गर्न निर्देशन दिएसँगै सम्बन्धित निकायले पीडित अग्रवालसँग बयान लिएको छ । इलाका प्रहरी कार्यालय अनारमनी परिसरमा बोलाएर अग्रवालसँग घटनाको वास्तविकता बुझ्दै प्रारम्भिक प्रतिवेदन तयार गरिएको जनाइएको छ । अग्रवालसँग सोमवार बयान लिइएको हो ।

शनिवार इलाका प्रहरी कार्यालय परिसरमा अग्रवाललाई बोलाएर प्रहरीले खाली कागजमा हस्ताक्षर गर्न भनेपछि उनी हस्ताक्षर नगरी निस्किएको बताएका थिए । उनलाई इलाका प्रहरी कार्यालय अनारमनीका वरिष्ठ प्रहरी नायव निरीक्षक देवराज निरौलाले खाली कागजमा हस्ताक्षर गर्न लगाएको अग्रवालको भनाइ छ । तर, आफूले खाली कागजमा हस्ताक्षर नगर्ने र लेखेको बिषय अध्ययन गरेपछि मात्रै हस्ताक्षर गर्ने बताउँदै आफू इलाका प्रहरी कार्यालयबाट वाहिरिएको उनको भनाइ छ ।

तर, पुन सोमवार अग्रवाललाई प्रहरीले बोलाएपछि उनी बिर्तामोडका व्यवसायी तथा सामाजिक अगुवासहित इलाका प्रहरी कार्यालय पुगेका थिए र घटनाको वास्तविकता प्रहरी समक्ष भन्दै प्रतिवेदन तयार गर्न सहयोग गरेको बताइएको छ ।




सार्वजनिक निकायका कामकारबाही सम्बन्धी गुनासो, जिज्ञासा तथा सुझाव दिन सकिने व्यवस्था अन्तर्गत उक्त प्रकरण 'हेल्लो सरकार' मा दर्ता भएको हो । उजुरीपछि छानबिनमा तदारुकता देखाउँदै पीडितसँग विस्तृत बयान लिएको बताइएको छ । प्रहरीले लिएको लिखित बयानमा अग्रवालले आफूलाई बिना कारण पक्राउ गरी हिरासतमा राखेर कुटपिट तथा यातना दिएको उल्लेख गरेका छन् । उनले अदालतमा बिचाराधीन मुद्दामा साक्षी बसेकै कारण आफूमाथि यस्तो व्यवहार भएको दाबी गरेका छन् ।

बिर्तामोड नगरपालिका-५ निवासी अग्रवाललाई इलाका प्रहरी कार्यालय अनारमनीले गतशनिबार नियन्त्रणमा लिएको थियो । झापा जिल्ला अदालतमा दर्ता 'झुट्टा प्रमाण एवम् परिस्थिति निर्माण' सम्बन्धी मुद्दामा उनी साक्षीका रूपमा रहेका थिए । उक्त मुद्दा बुद्धशान्ति-२का प्रज्ज्वल कार्कीले कनकाई-२, सुरुङ्गाका निर्मल श्रेष्ठबिरुद्ध दायर गरेका थिए ।

घटना अनुसार, शनिबार बिर्तामोडस्थित अतिथि सदनमा श्रेष्ठ पक्षका केही व्यक्तिले अग्रवाललाई नियन्त्रणमा लिएर अभद्र व्यवहार गरेको बताइएको छ । त्यसपछि उनलाई प्रहरीको जिम्मा लगाएको बताइएको छ । तर, अनुसन्धान नगरी प्रहरीले प्रभावमा परेर अग्रवाललाई नै पक्राउ गरी हिरासतमा राखेको आरोप लागेको छ ।

उक्त विवादको जडमा बिदेश पठाउने नाममा भएको ठगी प्रकरण रहेको बताइएको छ । बिर्तामोड घर भई दुबईमा बस्दै आएका प्रकाश संग्रौला र सुरुङ्गाका निर्मल श्रेष्ठले युरोपेली मुलुक क्रोएशिया पठाइदिने भन्दै बिद्यार्थीहरूबाट तीन करोड रुपैयाँभन्दा बढी रकम उठाएको आरोप छ । रकम संकलनपछि संग्रौला सम्पर्कविहीन भएको र त्यसपछि विवाद चर्किएको बताइएको छ ।

अग्रवालले हिरासतभित्रै कुटपिट भएको जानकारी दिएपछि प्रहरी नायव उपरीक्षक बिजय श्रेष्ठको उपस्थितिमा सीसीटीभी फुटेज जाँच गरिएको थियो । सो क्रममा कुटपिट भएको दृश्य देखिएपछि उनलाई छुट्टै कक्षमा राखिएको जनाइएको छ ।

प्रहरी स्रोतका अनुसार घटनामा संलग्नमध्ये एक जनामाथि बिभागीय कारबाही प्रक्रिया अघि बढाइएको छ भने अर्को एक जनालाई

*(बाँकी अन्तिम पृष्ठमा)*

## बर्डफ्लू फैलियो

**मोरङ, चैत ९।** मोरङ जिल्लाभित्र कुखुरामा लाग्ने घातक बर्डफ्लू संक्रमण तीव्र गतिमा फैलिरहेको छ । केही दिनयता एकपछि अर्को स्थानमा संक्रमण देखिएको छ ।

विराटनगरमा पनि संक्रमण पुष्टि भएको छ । हालसमम जिल्लाका पाँचवटा पोल्ट्री फार्म प्रभावित भएका छन् । फैलँदो क्रममा रहेको बर्डफ्लू नियन्त्रणका लागि सरकारी निकाय सक्रिय भएका छन् । कुखुरापालक किसानहरूलाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ । भेटरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र मोरङका प्रमुख अजयकुमार साहका अनुसार आइतबार बिराटनगर महानगरपालिका-४स्थित दाहाल कृषि फर्ममा बर्डफ्लू संक्रमण पुष्टि भएको हो । योसँगै मोरङमा पुष्टि भएका संक्रमित फर्मको संख्या पाँच पुगेको छ ।

यसअघि सुन्दरहरैंचा नगरपालिका-४को हलेसी महादेव कृषि फार्म, उर्लाबारी नगरपालिका-८को अठियावारी कृषि फार्म, कटहरी गाउँपालिका-२मा रहेको ईटु जेड पोल्ट्री फार्म र कटहरी-६को कामख्या पोल्ट्री फार्ममा संक्रमण देखिइसकेको साहले बताए । संक्रमण पुष्टि भएसँगै प्रभावित क्षेत्रहरूमा व्यापक नियन्त्रण

*(बाँकी अन्तिम पृष्ठमा)*

## युनाइटेड ट्रेडर्स सिन्डिकेट प्रा.लि. (टोयोटा नेपाल) को सूचना

**यो सूचनाद्वारा सर्वसाधारण तथा सम्बन्धित सबैमा जानकारी गराइन्छ कि बिर्तामोड, झापास्थित कान्तिपुर अटो लिंक प्रा.लि. तथा कान्तिपुर अटो सेन्टर प्रा.लि. (सञ्चालक: श्री राजेश उप्रेती तथा श्रीमती सुजता मैनाली)संग यस युनाइटेड ट्रेडर्स सिन्डिकेट प्रा.लि.को मिति २०७९ साल माघ २८ गतेदेखि कुनै पनि प्रकारको व्यावसायिक सम्बन्ध नरहेको व्यहोरा अवगत गराइन्छ ।**

**अत: उक्त कम्पनीहरूसँग कोही कसैले पनि कुनै प्रकारको कामकारोबार गरेमा सोबाट उत्पन्न हुने कुनै पनि दायित्वप्रति यस युनाइटेड ट्रेडर्स सिन्डिकेट प्रा.लि. जिम्मेवार नहुने कुरा समेत स्पष्ट पारिन्छ ।**

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

# जलवायु परिवर्तनले मौसमजन्य घटना बढ्दै

**काठमाडौँ, चैत ९।** ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (ऊर्जा हेर्ने ) चिरञ्जीवी चटौतले जलवायु परिवर्तनका कारण बाढी, पहिरोलगायत चरम मौसमजन्य घटनाहरू बढ्दै जाँदा भविष्य नै जोखिममा परेको बताएका छन् ।

विश्व मौसम दिवस २०२६का अवसरमा आयोजित कार्यक्रममा सचिव चटौतले जलवायु परिवर्तनका असरसँग जुध्न जल तथा मौसमजन्य घटनाका पूर्वसूचना प्रविधि र जलवायुमैत्री पूर्वाधार विकास आवश्यक रहेको बताए ।

जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् राजुधर प्रधानाङ्ग र वरिष्ठ जलविद् राम विकेशले संयुक्त रूपमा कार्यपत्र प्रस्तुत गर्दै अवलोकनदेखि सेवासम्मको मौसम प्रणालीको विकासक्रम, प्रविधिको प्रयोग तथा भविष्यका योजनाबारे जानकारी गराए ।

विश्व मौसम दिवस २०२६ को सन्दर्भमा आयोजित कार्यक्रमको प्रस्तुत कार्यपत्रमा मौसमसम्बन्धी सही अवलोकन बिना प्रभावकारी पूर्वानुमान सम्भव नहुने उल्लेख छ । वरिष्ठ मौसमविद् प्रधानाङ्गले मौसमले उड्डयन, कृषि, स्वास्थ्य, दैनिक जनजीवन तथा विपद् व्यवस्थापन लगायत क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले विश्वसनीय तथ्याङ्क सङ्कलन आवश्यक रहेको औँल्याए ।

उनका अनुसार देशभरका स्वचालित र 'म्यानुअल' मौसम स्टेसन, राडार, उपग्रह तथा रेडियोसन्डे प्रणालीमार्फत वास्तविक समयमै तथ्याङ्क सङ्कलन गरिँदै आएको छ ।

### कम्युनिष्ट पार्टीभित्र पुनर्गठनको बहस

# नेतृत्व हस्तान्तरण र पुस्तान्तरणमा जोड

**बिर्तामोड, चैत ९।** हालै सम्पन्न निर्वाचनपछि वामपन्थी तथा कम्युनिष्ट पार्टीहरूभित्र आत्मसमीक्षा र पुनर्गठनको बहस तीव्र बनेको छ ।

झापाबाट सार्वजनिक गरिएको संयुक्त अपिलमार्फत वाम आन्दोलनप्रति जनविश्वास घट्दै गएको निष्कर्षसहित नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको आवश्यकता औंल्याइएको छ ।

अपिलमा उल्लेख गरिए अनुसार निर्वाचन परिणामले वामपन्थी शक्तिहरूप्रति जनताको भरोसा कमजोर हुँदै गएको संकेत गरेको छ । लामो समयदेखि सत्ता र संगठनमा रहे पनि जनताका आधारभूत मुद्दा सम्बोधन गर्न नसक्नु, बिचारभन्दा व्यक्तिवाद हाबी हुनु र आन्तरिक लोकतन्त्र कमजोर हुनु प्रमुख कारणका रूपमा औंल्याइएको छ ।

नेताहरूले पार्टीभित्र गुटबन्दी, व्यक्तिगत स्वार्थ र अवसरवाद बढ्दै गएको स्वीकार गर्दै यसले समग्र वाम आन्दोलनको विश्वसनीयतामा गम्भीर असर पारेको बताए । जनजीवनसँग प्रत्यक्ष जोडिएका विषयमा स्पष्ट नीति र प्रभावकारी कार्यक्रम नआएकाले मतदाता निराश भएको अपिलमा उल्लेख छ ।

विशेषगरी झापामा भएको समीक्षा बैठकले नेतृत्व हस्तान्तरण र पुस्तान्तरणलाई अबको प्रमुख एजेन्डाका रूपमा अघि सारेको छ । पुरानो कार्यशैली त्याग्दै नयाँ पुस्तालाई नेतृत्वमा ल्याउनुपर्ने, पार्टीलाई जनमुखी र उत्तरदायी बनाउनुपर्ने माग स्पष्ट रूपमा उठाइएको छ ।

त्यसैगरी, वामपन्थी शक्तिहरूबीच एकता अपरिहार्य रहेको निष्कर्ष निकाल्दै साझा विचार, कार्यक्रम र नेतृत्व विकासमा जोड दिइएको छ । अपिलमा आगामी दिनमा वाम आन्दोलनलाई पुनः सशक्त बनाउन एकता, रूपान्तरण र सुदृढीकरण अभियान सञ्चालन गरिने उल्लेख छ ।

राष्ट्रिय हित, लोकतन्त्र र समाजवादको लक्ष्य प्राप्तिका लागि सबै वामपन्थी शक्तिहरूलाई एकताबद्ध हुन आव्हान गर्दै विगतका कमजोरीबाट सिकेर नयाँ ढंगले अघि बढ्ने प्रतिबद्धता जनाइएको छ ।

झापाको बिर्तामोडमा आयोजित समीक्षा बैठकपछि जारी संयुक्त विज्ञप्तिमा स्वतन्त्र वामपन्थी नेता नरेश खरेल, नेकपा एमालेका रवीन कोइराला र गणेश पोखरेल, नेकपाका झलकसिंह दर्लामी, रञ्जित तामाङ, ज्योतिसिंह दर्लामी, पुष्प पोखरेल, प्रगतिशील लोकतान्त्रिक पार्टीका लक्ष्मीदेवी न्यौपाने सरु, नेकपा संयुक्तका निलमणि बराल तथा नेकपा माओवादीका अर्जुन पाण्डेले हस्ताक्षर गरेका छन् ।

# 'लालिमा'को दयनीय व्यापार




गत माघ १६ गते प्रदर्शनमा आएको फिल्म 'आ बाट आमा'ले घरेलु बक्स अफिसमा अभूतपूर्व व्यापार गर्‍यो । यसले प्रदर्शनको ५१ दिनसम्ममा १३ करोडमाथि कमाइसकेको छ । तर, यसपछि प्रदर्शनमा आएका नेपाली फिल्मले अपेक्षित व्यापार गर्न सकेका छैनन् ।

अघिल्लो साता प्रदर्शन भएको फिल्म 'लालिमा' पनि व्यापारिक रूपमा निकै कमजोर देखिएको छ ।

चलचित्र विकास बोर्डले सोमबार साप्ताहिक रुपमा सार्वजनिक गर्ने बक्स अफिस तथ्यांकमा उक्त फिल्मको ९ दिनको व्यापार ६ लाख पनि पुगेको देखिँदैन । बोर्डको तथ्यांक अनुसार फिल्मले गत शनिबार (७ चैत)सम्म ५ लाख २९ हजार ७३८ रुपैयाँ ग्रस कमाएको छ । यो अवधिमा फिल्मका २ हजार ४० वटा मात्र टिकट बिक्री भएका छन् ।

'लालिमा'ले अपेक्षित व्यापार गर्न नसकेपछि धेरै हलले आइतबार नै फिल्मलाई उतारेका थिए । बिहीबारबाट 'धुरन्धुर २' रिलिज भएसँगै दोस्रो सातामा फिल्मको देशव्यापी शो एउटा मात्र छ । यसको मतलब फिल्म डिजास्टर बनेको छ । फिल्मको ९ दिनको कमाइबाट निर्माताको हातमा बढीमा १ लाख पर्ने देखिन्छ । जबकि, फिल्मको लागत नै एक करोडमाथि रहेको बताइएको छ ।

बोर्डले 'लालिमा'सँगै 'आ बाट आमा'को पनि शनिबारसम्मको व्यापार सार्वजनिक गरेको छ । जस अनुसार यो फिल्मले १३ करोड १० लाख ९२ हजार ७७५ रुपैयाँ ग्रस कमाएको छ । फिल्मका ५ लाख ३ हजार ११४ वटा टिकट बिक्री भएका छन् । यस वर्ष १३ करोडमाथिको व्यापार गर्ने यो दोस्रो फिल्म हो ।

यसअघि 'परान'ले १७ करोडभन्दा बढी कमाइ गरेको थियो ।

# नाटकमा डेब्यू गर्दै बेनिशा



फिल्ममा आफ्नो अभिनय क्षमता प्रमाणित गरिसकेकी अभिनेत्री बेनिशा हमाललाई अब नाटकमा देख्न पाइने भएको छ ।

चर्चित उपन्यास 'सेतो धरती'मा आधारित रहेर मञ्चन हुन लागेको नाटकमा उनले अभिनय गर्न लागेकी हुन् । उनको यो डेब्यू नाटक हुनेछ । कान्तिपुर फिल्म एकेडेमीको कान्तिपुर थिएटरमा मञ्चन हुने यस नाटकमा उनले ताराको भूमिकामा अभिनय गर्नेछिन् ।

एक महिना लामो अष्ट्रेलिया बसाइँपछि यसै साता नेपाल आएकी उनलाई शनिबार कान्तिपुर एकेडेमीले नाटकमा अनुबन्धित गरेको हो । उनले अबको २ महिना नाटकलाई समय दिनेछिन् । यो बीचमा उनी कुनै फिल्मको छायांकनमा नजोडिने बताइएको छ । नाटकमा अनुबन्धित भएसँगै उनी स्क्रिप्ट अध्ययन र पात्रको तयारीका लागि टिमसँग वर्कसपमा बसिसकेकी छन् ।

कान्तिपुर थिएटरले यसअघि रेखा थापा र विशाल पहारीलगायतका कलाकारहरू अभिनीत 'मीरा', जीवन लुइँटेल र सनिशा भट्टराईको डेब्यू नाटक 'शिरीषको फूल' तथा उषा रजक र राज न्यौपानेलगायतको अभिनय रहेको 'महारानीको जात्रा'को सफलतापूर्वक मञ्चन गरिसकेको छ । 'सेतो धरती' कान्तिपुर थिएटरमा मञ्चन हुने चौथो नाटक हुनेछ ।

कान्तिपुर फिल्म एकेडेमी तथा थिएटरका सीइओ प्रकाश पुरीले लेखक अमर न्यौपानेबाट अधिकार लिएर 'सेतो धरती'लाई नाटकको रुपमा मञ्चन गर्न लागिएको बताए ।

## कोका-कोला ...

**रोग प्रतिरोधात्मक क्षमतामा ह्रास**

कोलाको सेवनले शरीरको प्रतिरक्षा प्रणालीमा प्रत्यक्ष प्रहार गर्ने तथ्य पनि प्रतिवेदनमा उल्लेख छ । परीक्षणका क्रममा कोला पिउने समूहमा सेतो रक्तकोषिकाको संख्यामा उल्लेख्य कमी आएको पाइएको छ ।

त्यसैगरी रोग प्रतिरोधात्मक प्रणालीका मुख्य अंगहरूमा पनि असन्तुलन देखिएको छ । शरीरको 'थाइमस' ग्रन्थीको आकार खुम्चिएको र 'प्लीहा' को आकार अस्वाभाविक रूपमा बढेको पाइएको छ । थाइमस खुम्चिनुले शरीरको सेलुलर इम्युनिटी कमजोर भएको र प्लीहा बढ्नुले शरीरमा संक्रमण वा सुजनसँग लड्न कठिन भइरहेको संकेत गर्दछ ।

**मिर्गौला र कलेजोमा थप जोखिम**

यो अध्ययनले चिनी नभएको 'डाइट कोला' सुरक्षित हुन्छ भन्ने भ्रमलाई पनि चिरेको छ । चिनीयुक्त कोलाले मिर्गौलामा तनाव बढाएर रगतमा युरिया नाइट्रोजनको मात्रा बढाएको पाइएको छ ।

अर्कोतर्फ, डाइट कोला पिउनेहरूमा कलेजोको स्वास्थ्यसँग सम्बन्धित इन्जाइमहरू बढेको देखियो, जसले कृत्रिम स्विटनर कलेजोका लागि हानिकारक हुन सक्ने संकेत गर्छ ।

अनुसन्धानको निष्कर्ष छ कि पानीको सट्टा कोलालाई मुख्य पेय बनाउनु स्वास्थ्यका लागि अत्यन्तै जोखिमपूर्ण छ । यसले तौल वा रगतको सुगरमा तुरुन्तै ठूलो परिवर्तन नदेखाए पनि भित्रभित्रै प्रतिरक्षा प्रणाली र पेटको वातावरणलाई तहसनहस पार्न सक्छ ।

बिज्ञहरूले तिर्खा मेट्नका लागि पानी नै सबैभन्दा उत्तम विकल्प रहेको र यस्ता पेय पदार्थको बिज्ञापन र नियमनमा कडाइ गर्नुपर्ने सुझाव दिएका छन् ।

## बर्डफ्लू ...

अभियान सञ्चालन गरिएको छ । प्रमुख साहका अनुसार संक्रमण फैलिन नदिन प्रभावित क्षेत्रका सबै कुखुरा तथा अन्य पन्छीजन्य वस्तुहरू नष्ट गर्ने काम भइरहेको छ । 'संक्रमित फार्मका कुखुरा, अण्डा, दाना, ओच्छ्यान र सम्पूर्ण सामग्रीसमेत नष्ट गर्ने प्रक्रिया अघि बढाइएको छ'- उनले भने ।

सरकारी टोलीले प्रभावित क्षेत्रमा मरेका पन्छी र तिनका मलमूत्रलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्न विशेष सावधानी अपनाइरहेको छ । ती वस्तुहरूलाई खाल्डो खनेर गाड्ने र त्यसपछि औषधीय घोल प्रयोग गरेर निसंक्रमण गर्ने काम भइरहेको छ । यसरी गरिएको डिसइन्फेक्सनले संक्रमण अन्य क्षेत्रमा फैलिनबाट रोक्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

विशेषगरी विराटनगरस्थित दाहाल कृषि फर्मको हकमा विस्तृत प्राविधिक प्रतिवेदन तयार गर्ने काम अन्तिम चरणमा पुगेको छ । आवश्यक प्रक्रिया पूरा भएपछि उक्त फर्मका सम्पूर्ण कुखुरा नष्ट गर्ने तयारी भइरहेको जनाइएको छ । अन्य चार स्थानमा भने संक्रमित कुखुरा नष्ट गर्ने कार्य सम्पन्न भइसकेको छ ।

बर्डफ्लू संक्रमण देखिन थालेपछि जिल्लाभरका कुखुरापालक किसानहरूमा त्रास बढेको छ । यस रोगले छोटो समयमा ठूलो क्षति पुर्‍याउने भएकाले सरकारी निकायहरूले विशेष निगरानी बढाएका छन् । पशु सेवा कार्यालयले किसानहरूलाई कुखुरामा असामान्य लक्षण देखिएमा तुरुन्त जानकारी गराउन आग्रह गरेको छ । विशेषज्ञहरूका अनुसार बर्डफ्लू अत्यन्तै संक्रामक रोग भएकाले समयमै नियन्त्रण नगरेमा ठूलो आर्थिक क्षति निम्तिन सक्छ । त्यसैले पोल्ट्री व्यवसायीहरूलाई जैविक सुरक्षा (बायोसिक्योरिटी)का मापदण्ड कडाइका साथ पालना गर्न सुझाइएको छ ।

मोरङमा संक्रमण फैलिने क्रम रोक्नका लागि सम्बन्धित निकायहरूले निगरानी, परीक्षण र सचेतना अभियानलाई तीव्र बनाएका छन् । अहिले संक्रमण नियन्त्रणको प्रयास जारी रहे पनि जोखिम पूर्ण रूपमा टरेको छैन । सतर्कता नै सबैभन्दा प्रभावकारी उपाय भएको अधिकारीहरू बताउँछन् ।

## नाबालिकाको ...

साथीबाट प्राप्त गरेपछि सोको अनुसन्धान तथा कारबाहीको लागि नाबालिकाले प्रहरीलाई निवेदन दिएकी थिइन् ।

प्रहरीको साइबर ब्यूरोले सो सम्बन्धमा गरेको प्राविधिक अनुसन्धान तथा विश्लेषणबाट लामाको संलग्नता खुल्न आएको थियो । आरोपी लामालाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन-२०६३ अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौँबाट ५ दिन म्याद थप गरी अनुसन्धान कार्य भइरहेको ब्यूरोले जनाएको छ ।

## हिरासतमा ...

निलम्बन गर्ने तयारी गरिएको छ । घटना सार्वजनिक भएपछि प्रहरीको चौतर्फी आलोचना भएको थियो । त्यसपछि अग्रवाललाई तत्काल रिहा गरिएको जनाइएको छ । हाल उनी दैनिक तारिखमा रिहा भइसकेका छन् ।

अग्रवालले हिरासत कक्षमा आफूमाथि कुटपिट भएको घटना सार्वजनिक गरेसंगै अन्य पीडितले समेत प्रहरी कार्यालय भित्र हुने यातनाको विषयमा सार्वजनिक गर्न शुरु गरेका छन् ।

## अपाङ्ग ...

भएकाहरूको लागि पुनर्स्थापना सेवा सञ्चालन गर्दै आइरहेको बताउँदै सचिव महतोले भने- 'अब उनीहरूको पालनपोषणमा पनि समस्या उत्पन्न हुने भयो ।'


## माइग्रेसन हरायो

बिर्तामोडबाट दमक जाने क्रममा यही मिति २०८२ माघ १५ गते मेरो निम्न व्यहोराको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- सुस्मीता मैनाली
**ठेगाना**:- बिर्तामोड–१, झापा
**रजिष्ट्रेशन नं.**:- ६३०२०३२३८
**सिम्बल नं.**:- २२०२७८
**सम्पर्क**: ९८४४६३६४१४

## राहदानी हरायो

चारआलीबाट बुधबारे आउने क्रममा निलो रंगको ब्यागमा रहेको निम्न विवरणको २ वटा राहदानी गत फागुन २० गतेदेखि हराएको हुँदा भेट्नुहुने महानुभावले निम्न नम्बरमा वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गरिदिन अनुरोध गर्दछौं ।


नाम : **गंगा लिम्बु,**
राहदानी नं. BA०२४१६३२
नाम : **रिता कुमारी नेम्बाङ**
राहदानी नं. PA१०४५४६८
सम्पर्क : ९८१६००६१३२

## भिटा बिक्रीमा

**बिर्तामोड नगरपालिका–१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर भिटा अर्जेन्ट परेर तु–बिक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला ।**

**मो. ९८०७९२२३०१**

## वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

**उपचार हुने रोगहरू**

- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

**आर. आर. पोलिक्लिनिक**
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४९११७४

## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड–५, झापा

**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स–रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

## KGF संस्थाको अनुरोध

**किङ्ग गोरखा फाउण्डेशन** (KFC) संस्थाले २०८२ साल पुस २१ गतेबाट मानव कल्याणका लागि गरीव, निमुखा, अशक्त, असहाय व्यक्तिहरुलाई लक्षित गरी दैनिक निरन्तर रुपमा एक छाक खाना दाल, भात, अचार निःशुल्क खुवाउँदै आइरहेको यहाँहरुलाई जानकारी गराउन चाहन्छौं ।

अतः यस कार्यलाई निरन्तर अगाडि बढाउन हाल हाम्रो एकल प्रयासले पूरा नहुने भएको हुँदा यस अभियानमा सहभागी भई सहयोग गरिदिनुहुन आम सहयोगी मनहरुलाई हामी अनुरोध गर्दछौं । हामी आम समाजसेवी र दयालु मनहरुलाई आफ्नो जन्मदिन, पाटीभोज र फजुल खर्चहरुलाई कटौती गरी हाम्रो साझा अभियानलाई निरन्तर अगाडि बढ्ने सोचलाई सफल पारिदिनुहुन अपिल गर्दछौं ।

हाल हामी सिटी सेन्टर अगाडि प्रत्येक दिन खाना र अतिरिक्त शनिवारको दिन पाऊ पाथीभरा मन्दिर चारआली अगाडि र अतिथि सदन उत्तर शनि मन्दिर अगाडि खिर खुवाइरहेका छौं । यस अभियानलाई बुझ्न र सहयोग गर्नका लागि यस नम्बरको मोवाइलमा सम्पर्क गर्नहुनु अनुरोध गर्दछौं ।

**सम्पर्क: ९८१४९९७८८७, ९७६२९०००01**

## श्री स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड नगरपालिका–५, झापा

### कोटेशन आव्हान गरिएको बारे सूचना

| विवरण | परिमाण | पेपर साईज | कलर | पेज | पाना |
|---|---|---|---|---|---|
| ऋण आन्तरिक पत्र | ७५०० थान | A4, 70gsm | सादा | – | – |
| ऋण पासबुक | ५००० थान | 5.4x4,...... | कभर रङ्गिन, भित्री पाना सादा | १६ | ३२ |
| बचत पासबुक | १०००० थान | 7x5,...... | कभर रङ्गिन, भित्री पाना सादा | १९ | ३८ |
| नोट ट्याग | १८५ बण्डल (१८५००थान) | 7.5x2, 70gsm | सादा | – | – |
| नमुना दस्तखत कार्ड | २५००० थान | 7x6, Drawing Paper | सादा | – | – |
| धितो ऋण माग फारम | २००० थान | 70-80 gsm | सादा | २ | ४ |
| अन्य ऋण फारम | ८००० थान | 70-80 gsm | सादा | १ | २ |

**पेशगर्नु पर्ने कागजात :** दर्ता प्रमाण–पत्र, पान नम्बरतथा अघिल्लो वर्षको कर चुक्ता फोटोकपी, छपाई गर्ने सामग्रीको दरभाउसहितको विवरण ।
**जानकारीका लागि :** ९८१४०७६३२२, ०२३–५३५३५३
**कोटेशन पेश गर्ने अन्तिम मिति :** २०८२ चैत्र १५ गते कार्यालय समयभित्र

कोशी प्रदेश सरकार
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
विराटनगर

कोशी प्रदेश पर्यटन वर्ष २०८२

### कर प्रिन्ट रुजु, करको रकम र सवारी साधनको नम्बर एकिन गर्ने सम्बन्धी सूचना

**आदरणीय सेवाग्राही महानुभावहरु,** तपाईंले आफ्नो सवारी साधनको बार्षिक रुपमा बुझाउनु पर्ने सवारी कर, नवीकरण दस्तुर लगायत अन्त कर सम्बन्धी विवरण हेर्नका लागि सम्बन्धित यातायात कार्यालयमा गएर कर प्रिन्ट माग्न, बैंक भौचर भर्नु अघि सवारी कर तथा दस्तुर एकिन तथा कर बुझाए पछि प्राप्त हुने विलमा आफूले बुझाएको करको रकम र आफ्नो सवारी नम्बर एकिन गर्नुहुन अनुरोध छ ।

### सवारी साधनको इञ्जिन र चेसिस रुजु गर्ने सम्बन्धी सूचना

आदरणीय सेवाग्राही महानुभावहरु, तपाईंले आफ्नो सवारी साधन नयाँ खरिद गर्दा, नामसारी गर्दा सवारी साधनको इञ्जिन र चेसिसको अवस्था रुजु (re punch) वा अन्य कुनै कैफियत भए नभएको रुजु गरेर मात्र खरिद बिक्री गर्नका लागि हार्दिक अपिल गर्दछौं ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

## क्षयरोग दिवसको सान्दर्भिकता

**क्षयरोग जीवाणुका कारण लाग्ने र मुख्यतया: फोक्सोमा असर गर्ने एउटा सरुवा रोग हो । कुनै दिन महामारी सरह रहेको यस रोगको किटाणु पत्ता लागेको घोषणा भएको दिन अर्थात् मार्च २४ को सम्झना स्वरुप विश्व क्षयरोग दिवस मनाउने गरिएको छ । विश्वभरका लाखौं मानिसलाई प्रभावित गर्ने क्षयरोग नेपालमा जनस्वास्थ्यको समस्याका रुपमा रहेको छ । कुनै समय असाध्य रोगमा गनिएको क्षयरोग अहिले निर्मूल हुनेमा पर्दछ । नियमित औषधि सेवनले निको हुने भए पनि नेपालमा हजारौं बिरामीहरु स्वास्थ्य सेवाको पहुँचमा आएका छैनन् । पहुँचमा नआएका बाहेक प्रतिवर्ष झण्डै सत्तरी हजार नयाँ बिरामी थपिने गरेको राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको तथ्यांक छ ।**

**क्षयरोगले सामान्यतया: फोक्सोमा आक्रमण गर्छ, तर यसको असर शरीरका अन्य अङ्गहरुमा पनि पर्न सक्छ । संक्रमितले खोक्दा, हाच्छिउँ गर्दा वा सास फेर्दा थुक वा छिटा अन्य व्यक्तिको सासबाट सर्न सक्छ । प्राय: ढिलो सक्रिय हुने क्षयरोगको जीवाणु बिस्तारै बढ्दै जान्छ र उपचार नभए संक्रमित मध्ये आधाजसोको मृत्यु नै हुनसक्छ । उपचार भएर पनि क्षयरोग आज ठूलो चुनौतीकै रुपमा रहेको छ । त्यसैले क्षयरोग नियन्त्रण गर्न सबैले सजग हुन जरुरी छ । रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिलाई यसका किटाणुहरुले छिट्टै आक्रमण गर्ने भएकाले निरन्तर खोकी लागे, खकारमा रगत देखिए, छाती दुखे, काम गर्दा थकाइ लागे, साँझपख ज्वरो आए वा तौल निरन्तर घट्दै गए क्षयरोगको परीक्षण गराउनु पर्दछ ।**

**क्षयरोगको उपचार अहिले नेपालमा सहज र नि:शुल्क गरिएको छ । प्रत्येक स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्रबाट नि:शुल्क पाइने सेवा र औषधि चिकित्सकको सहयोगमा नियमित लिनु पर्दछ । यसले न कुनै वर्ग, उमेर समूह, धर्म, लिङ्ग, समाज न त भूगोलकै विभेद गर्छ । समयमा पहिचान भयो भने सजिलै जाती पर्न सकिने क्षयरोग उपचार नगरिए गम्भीर बन्छ र मृत्युको कारण पनि बन्न सक्छ । यसै पनि नेपालमा दैनिक सरदर बाह्र जनाभन्दा बढीको क्षयरोगकै कारण मृत्यु हुने गरेको छ । यस्तोमा सचेतना, सावधानी, परीक्षण र उपचारको माध्यमबाट संक्रमण र मृत्युको अवस्था आउन नदिन सजग हुनै पर्छ ।**

**अबको झण्डै दुई दशकसम्ममा क्षयरोग उन्मुलन गर्ने विश्व स्वास्थ्य संगठनको लक्ष्य छ । तर, बद्लिँदो जीवनशैली, चेतनाको कमी, रोग लुकाउने प्रवृत्ति, बढ्दो जनसंख्या र वातावरणीय प्रदूषणका कारण यो रोग चुनौतीपूर्ण बन्दै गएको छ । त्यसैले आउँदो दिनमा विश्व स्वास्थ्य संगठनकै अगुवाईमा सम्पूर्ण सरोकारवालाहरुलाई ध्यानाकृष्ट गराउनु पर्दछ । त्यस्तै सरकारले पनि जिम्मेवारीपूर्वक कार्ययोजना बनाएर कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्छ, साथै सबै अभियन्ता, समाजका अगुवा, व्यक्ति, समूह र सम्बद्ध निकाय र पक्षले हातेमालो गर्दै क्षयरोग न्यूनीकरण हुँदै निर्मूल बनाउने तर्फ लागे यो दिवसको सार्थकता र सान्दर्भिकता प्रमाणित हुन्छ ।**

# नागरिकको काँधमा राज्य, अनि समृद्धिको सपना ?



**दीपकराज जोशी**




नेपालको आधुनिक इतिहासमा समृद्धि शब्द जति धेरै उच्चारण गरिएको छ, सायद अन्य कुनै शब्दले त्यति चर्चा पाएको छैन । राजनीतिक दलका घोषणापत्रदेखि सदनका बहससम्म र चिया पसलका गफदेखि सामाजिक सञ्जालका भित्तासम्म सुखी नेपाली, समृद्ध नेपालको नारा घन्किरहेको छ । तर, यो भव्य नाराको मुनि एउटा नमीठो यथार्थ लुकेको छ । त्यो यथार्थ हो, आफ्ना आधारभूत आवश्यकताहरू पूरा गर्न राज्यको मुख ताक्दा थाकेका र अन्ततः आफ्नै थाप्लोमा राज्यको भारी बोक्न बाध्य भएका छन् नेपाली नागरिकहरू । यदि नागरिकले आफ्नो पसिना, समय र व्यक्तिगत पूँजी खर्चेर राज्यका न्यूनतम जिम्मेवारीहरू पनि आफैं पूरा गर्नुपर्ने हो भने हामीले परिकल्पना गरेको समृद्धिको यात्रा कता जाँदैछ ? यो एउटा यस्तो गम्भीर प्रश्न हो, जसले हाम्रो लोकतन्त्र र सुशासनको जगलाई नै चुनौती दिइरहेको छ ।

एउटा सामान्य नेपाली नागरिकको जीवनचक्र हेरौं । आइतबारदेखि शुक्रबारसम्म ऊ आफ्नो परिवार पाल्न, छोराछोरीको शिक्षा र भविष्य सुरक्षित गर्न कडा परिश्रम गर्छ । हप्ताको छ दिनको थकानपछि उसले अपेक्षा गर्ने एक दिनको सार्वजनिक बिदा शनिबार हो । आदर्श रूपमा, यो दिन उसले आराम गर्नुपर्ने, परिवारसँग समय बिताउनुपर्ने वा आफ्नो व्यक्तित्व विकासमा लगाउनुपर्ने हो । तर, नेपालका धेरै सहर र गाउँका नागरिकका लागि शनिबार बिदा होइन सामुहिक श्रमदानको दिन बन्ने गरेको छ ।

बिहानै उठ्ने बित्तिकै टोल विकास समितिको बैठक, खानेपानीको पाइप फुटेको मर्मत गर्न पैसा उठाउने छलफल, ढल निकास सफा गर्ने अभियान वा भत्किएको बाटोमा गिट्टी कुट्ने काममै उसको दिन बित्छ । कतै मन्दिर बनाउन चन्दा संकलन भइरहेको हुन्छ त कतै बिजुलीको पोल सार्नका लागि निवेदन बोकेर सरकारी कार्यालय धाउनुपर्ने बाध्यता हुन्छ । नागरिकले कर तिरेपछि पाउनुपर्ने यी आधारभूत सुविधाहरूका लागि फेरि आफ्नै समय र श्रम खर्चिनुपर्ने यो अवस्थाले राज्यको उपस्थितिलाई शून्य प्रायः बनाइदिएको छ ।

नेपालमा जनसहभागिताको अवधारणालाई निकै सकारात्मक रूपमा लिइन्छ । स्थानीय विकासमा नागरिकको स्वामित्व हुनुपर्छ भन्ने सिद्धान्त आफैंमा नराम्रो होइन । विकासमा नागरिकको संलग्नताले पारदर्शिता र दिगोपना सुनिश्चित गर्छ । तर, पछिल्लो समय यही जनसहभागिताको आवरणमा राज्यले आफ्ना संवैधानिक र कानूनी जिम्मेवारीहरू नागरिकको थाप्लोमा सार्दै गएको देखिन्छ ।

जहाँ राज्यले इञ्जिनियर पठाउनुपर्ने हो, त्यहाँ उपभोक्ता समिति बनाएर नागरिकलाई नै प्राविधिक र प्रशासनिक झमेलामा फसाइन्छ । जहाँ राज्यले बजेट विनियोजन गर्नुपर्ने हो, त्यहाँ लागत सहभागिताको नाममा गरीब नागरिकबाटै चन्दा उठाइन्छ । यसले राज्यलाई एक निरीह दर्शक र नागरिकलाई स्वयम्सेवी मजदुरको रूपमा उभ्याएको छ । जब नागरिकले आफ्नो सुरक्षा, स्वास्थ्य, शिक्षा र पूर्वाधारका लागि राज्यलाई कर तिरिसकेको हुन्छ, तब फेरि तिनै कामका लागि अतिरिक्त श्रम र धन खर्चिनु न्यायसंगत हुँदैन ।

कुनै पनि राष्ट्रको समृद्धिको प्रमुख आधार त्यस देशका नागरिकको उत्पादक समय (Productive Time) हो । विकसित देशहरूमा नागरिकले आफ्नो समय नयाँ आविष्कार, व्यापार, सीप विकास वा सृजनात्मक कार्यमा खर्च गर्छन् । किनकि, उनीहरूलाई थाहा छ कि घर बाहिरको बाटो, पानीको धारा र ढलको निकास व्यवस्थित गर्ने काम राज्यको हो । तर, नेपालमा एकजना दक्ष जनशक्तिले आफ्नो बौद्धिक क्षमता देशको आर्थिक विकासमा लगाउनुको साटो टोलको खानेपानी समितिको माइन्युट लेख्न वा बिजुलीको ट्रान्सफर्मर मर्मतका लागि चन्दा उठाउन समय खर्चिनुपर्छ । यसलाई अर्थशास्त्रको भाषामा अपर्चुनिटी कस्ट ( Opportunity Cost) भनिन्छ । नागरिकले आधारभूत सेवा व्यवस्थापनमा खर्च गरेको त्यो अमूल्य समयलाई यदि आर्थिक उत्पादनमा लगाउन पाएको भए देशको कुल गृहस्थ उत्पादन (GDP)मा कति योगदान पुग्थ्यो होला ? यो एउटा नदेखिने तर राष्ट्रका लागि निकै ठूलो आर्थिक क्षति हो ।

लोकतान्त्रिक व्यवस्थामा नागरिक र राज्यबीच एउटा अलिखित सामाजिक सम्झौता हुन्छ । नागरिकले राज्यका नियम मान्ने, कर तिर्ने र सामाजिक अनुशासनमा बस्ने वाचा गर्छन् भने बदलामा राज्यले उनीहरूको जीवन सहज बनाउने, सुरक्षा दिने र न्यूनतम पूर्वाधार उपलब्ध गराउने वाचा गर्छ । जब नागरिकले आफ्नो तर्फको वाचा इमान्दारिताका साथ पूरा गर्छन् (जस्तैः महँगो पेट्रोलियम पदार्थमा कर तिर्ने, कर कार्यालयमा लाइन लाग्ने, सिफारिश लिँदा महँगो शुल्क बुझाउनुपर्ने), तर राज्यले सेवा प्रवाहमा सधैँ आलटाल गर्छ, तब यो सम्झौता कमजोर हुन्छ ।

यसले बिस्तारै राज्यप्रति नागरिकको अविश्वास बढाउँछ । राज्य हुनु र नहुनुमा के फरक छ र ? भन्ने भावना जब आम जनतामा विकसित हुन्छ, तब लोकतन्त्रको जग हल्लिन थाल्छ । यही निराशाकै कारण आजको युवा पुस्ता देशमा भविष्य नदेखेर विदेश पलायन भइरहेको छ । उनीहरू केवल रोजगारी खोज्न मात्र गएका होइनन्, उनीहरू त एउटा यस्तो प्रणाली खोज्न गएका हुन् जहाँ उनीहरूले तिरेको करको बदलामा सम्मानजनक सेवा प्राप्त होस् ।

नेपालमा स्रोतको नितान्त अभाव मात्रै समस्या होइन । हरेक वर्ष अर्बौंको बजेट फ्रिज हुनु वा आर्थिक वर्षको अन्त्यमा हतार-हतार बजेट सिध्याउन सडक खन्ने प्रवृत्तिले के देखाउँछ भने समस्या नियत र कार्यक्षमता मा छ । योजना तर्जुमा गर्दा नागरिकका वास्तविक आवश्यकताभन्दा पनि राजनीतिक पहुँचका आधारमा बजेट बाँडफाँड गरिन्छ ।

स्थानीय सरकारहरू आएपछि घरदैलोमा सेवा पुग्ने अपेक्षा गरिएको थियो । तर, धेरै ठाउँमा स्थानीय सरकारहरू पनि केवल कर उठाउन र प्रशासनिक झमेला थप्न मात्र सक्रिय देखिएका छन् । विकास निर्माणका काममा हुने ढिलासुस्ती र ठेकेदारको लापरवाहीलाई नियमन गर्ने निकायहरू मौन रहँदा अन्ततः नागरिक नै सडकमा उत्रिएर खाल्डा पुर्न बाध्य हुनुपर्छ । हामीलाई समृद्धिको नयाँ परिभाषा चाहिएको छ । समृद्धि भनेको गगनचुम्बी भवन वा भ्यु-टावर मात्र होइन, समृद्धि भनेको त एउटा यस्तो प्रणाली हो जहाँ-

- नागरिकले आफ्नो बिदाको दिन पाइप मर्मतमा होइन, परिवारसँग बिताउन पाउँछ ।
- कर तिरेपछि सेवा पाउनका लागि कुनै नेता वा कर्मचारीको चाकडी गर्नुपर्दैन ।
- जनसहभागिता भनेको श्रम शोषण होइन, बरु योजनाको निगरानी र गुणस्तर परीक्षणमा केन्द्रित हुन्छ ।

राज्यले अब सुविधा प्रदायक (Service Provider)को भूमिका सशक्त बनाउनुपर्छ । सरकारी निकायहरूले आफ्नो असक्षमता लुकाउन नागरिकलाई स्वयम्सेवक बनाउने खेल बन्द गर्नुपर्छ । प्रविधिको प्रयोग गरेर सेवा प्रवाहलाई सहज बनाउने, कर्मचारीतन्त्रलाई उत्तरदायी बनाउने र विकास निर्माणमा हुने भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गर्ने हो भने नागरिकले आफ्नो काँधमा राज्य बोक्नुपर्ने अवस्था आउँदैन ।

समृद्धिको यात्रा तब मात्र सफल हुन्छ, जब नागरिकको काँध राज्यको बोझबाट हल्का हुन्छ । नागरिकलाई आधारभूत भौतिक समस्याहरूको जञ्जालबाट मुक्त गरेर उनीहरूको ऊर्जालाई राष्ट्रिय उत्पादनमा जोड्नु नै आजको आवश्यकता हो । हामीले नागरिकको काँधमा राज्य बोक्ने होइन, बरु नागरिकलाई आफ्नो लक्ष्यसम्म पुग्न मद्दत गर्ने एउटा सक्षम र बलियो राज्य निर्माण गर्नुपर्छ ।

जब राज्यले आफ्नो जिम्मेवारी इमान्दारिताका साथ निभाउँछ, तब नागरिकले पनि राज्यको गौरव बढाउन आफ्नो पूर्ण क्षमता प्रयोग गर्नेछन् । समृद्धिको साँचो यही सन्तुलनमा लुकेको छ । यदि हामीले समयमै यो प्रवृत्तिलाई सुधारेनौं भने समृद्धिको सपना केवल भाषणका शब्दहरूमा मात्र सीमित रहने छ र आमनागरिक भने सधैँ आफ्नै आँगनको खाल्डो पुर्दैमा व्यस्त भई रहनेछन् ।

घटना र विचार

# क्षयरोग : के हो ? कसरी बच्ने ?

क्षयरोग अर्थात् टिबी रोग । धेरैलाई थाहा छ, यो एक सरुवा रोग हो । क्षयरोग कसरी लाग्छ, यसका लक्षण केकस्ता हुन्छन् भन्ने विषयमा भने धेरैलाई जानकारी नहुन सक्छ । दुई हप्ताभन्दा बढी समय एकनासले खोकी लाग्नु, खोकीसँगै खकारमा रगत देखिनु, हल्का ज्वरो आउनु क्षयरोगको सामान्य लक्षण हो ।

क्षयरोगका यसबाहेक पनि अन्य धेरै लक्षण छन् । यी लक्षण हेरेर क्षयरोग लागे/नलागेको थाहा पाउन सकिन्छ । सामान्यतया: क्षयरोग माइक्रोबैक्टेरियम ट्यूबरकुलोसिस नामक व्याक्टेरियाको संक्रमणका कारण हुने रोग हो । कुनै पनि क्षयरोगीको सम्पर्कमा आउनाले यो रोग सर्ने जोखिम हुन्छ । अस्वस्थ जीवनशैली तथा अस्वस्थकर खानपानका कारण पनि मानिसलाई क्षयरोगको संक्रमण हुने खतरा बढ्छ ।

नेपाल नागरिकको मृत्यु हुने विभिन्न सरुवा रोग मध्ये क्षयरोग छैटौं स्थानमा परेको छ । विश्व स्वास्थ्य संगठनले नेपालमा वर्षेनि ६० हजारभन्दा बढी व्यक्ति क्षयरोगबाट संक्रमित हुने अनुमान गरेको छ भने ४४ हजारभन्दा बढी व्यक्तिहरुमा फोक्सोको क्षयरोग संक्रमण भएको अनुमान गरिन्छ । स्वास्थ्य सेवा विभागको आ.व. २०७२/०७३ को प्रतिवेदन अनुसार क्षयरोगवाट झण्डै ३३ हजार जति फोक्सोको (पल्मोनरी)क्षयरोगका विरामी पाइएका छन् भने झण्डै १८ हजार जति नयाँ र छिपेका क्षयरोगका बिरामी पाइएका छन् । नौ हजार जति फोक्सो बाहिरको (एक्सट्रा पल्मोनरी) क्षयरोगबाट संक्रमित भएका पाइएका छन् । करिब एक हजार जतिको क्षयरोगबाट मृत्यु भएको पाइएको छ ।

सन् २०१६ सम्ममा क्षयरोगबाट झण्डै छ हजार जति बिरामीको मृत्यु भएको छ । तर क्षयरोगको निदान ७० प्रतिशत मात्र हुने गरेको पाइएकोले पहिचान हुन बाँकी क्षयरोगवाट संक्रमितहरुको संख्या अति धेरै भएको सजिलै अड्कल गर्न सकिन्छ । सन् २००१ देखि देशभरि प्रत्यक्ष निगरानीमा औषधि गरिने (डट्स) प्रणाली लागु भइसकेको



छ, यति महत्वपूर्ण उपचार प्रणाली कार्यान्वयनमा आउँदा पनि क्षयरोगका विरामीको पहिचान, परीक्षण, उपचार व्यवस्थामा कमी आएको छ ।

**क्षयरोगको लक्षण**

- क्षयरोग लागेको शुरुवाती अवस्थामा थोरै काम गर्दा पनि थकान महशुस हुने गर्छ, कमजोरी महशुस हुन थाल्छ । मानिसहरूले यस्ता लक्षणलाई गम्भीरतापूर्वक लिँदैनन्, जसकारण विस्तारै क्षयरोगको व्याक्टेरियाले संक्रमण भई गम्भीर समस्या निम्त्याउँछ ।
- रुघाखोकी लाग्नु, ज्वरो आउनु क्षयरोगको प्रारम्भिक लक्षण हो । सामान्यतया: यस्ता समस्या पाँच दिनभित्रमा ठिक पनि हुन्छन् । तर, लगातार रुघाखोकी लागिरह्यो, ज्वरो कम भएन, दुई हप्तासम्म पनि खोकी रहिरह्यो भने तुरुन्तै चिकित्सक कहाँ जानुपर्छ । यो क्षयरोगको संकेत पनि हुन सक्छ ।
- क्षयरोग लागेमा विरामीलाई राति धेरै पसिना आउँछ । मुख सुक्ने गर्छ । खान मन लाग्दैन र तौल अचानक कम हुन थाल्छ ।
- क्षयरोगको संक्रमण भएमा मानिसको खकारमा रगत देखिन्छ । सास लिन समेत समस्या हुने गर्छ । यस्ता लक्षण देखिए तुरुन्तै चिकित्सकसँग सम्पर्क गर्नुपर्छ ।
- क्षयरोगको संक्रमण जोसुकैलाई हुन सक्छ । कमजोर रोग प्रतिरोधात्मक क्षमता भएका मानिसलाई यसले चाँडै असर गर्ने हुँदा घरपरिवारमा कसैलाई क्षयरोग लागेको छ भने परिवारका अन्य सदस्यले पनि कम्तीमा एक पटक खकारको जाँच गर्नुपर्छ ।

**रोकथाम र नियन्त्रणका उपाय**

क्षयरोग अत्यन्त जटिलखालको सरुवा रोग हो । यसले बालबालिकादेखि सबै उमेरकालाई, घरमा, स्कूलमा, काम गर्ने कार्यालय वा स्थानमा र भीडभाड हुने सार्वजनिक स्थानमा संक्रमण गर्न सक्दछ । तर निम्न लिखित उपाय अपनाएमा यसलाई सजिलै रोकथाम/नियन्त्रण गर्न सकिन्छ :

- सूर्ति मिसाएर वनेका कुनै पनि पदार्थ सेवन नगर्ने । शुरु गरेको भए तुरुन्तै छोड्ने ।
- अधिक मदिरा, लागूपदार्थ वा औषधि सेवन नगर्ने ।
- शिशु जन्मना साथ सकेसम्म चाँडै तर एक वर्षभित्र बि.सि.जी खोप दिने ।
- दुई हप्ताभन्दा लामो समयसम्म खोकी र ज्वरो आउनासाथ नजिकको स्वास्थ्य संस्थामा परीक्षण गर्ने
- स्वास्थ्यकर्मीको परामर्श लिई नियमित पूरा समय (६ देखि ८ महिना)सम्म नि:शुल्क प्राप्त हुने औषधि सेवन गर्ने ।
- औषधि सेवन गर्न शुरु गरेपछि स्वास्थ्यकर्मीको सल्लाह अनुसार समय-समयमा परीक्षण गर्ने ।
- क्षयरोगको औषधिसँगै स्वास्थ्यकर्मीको सल्लाह अनुसार अन्य रोगका औषधि सेवन गर्ने ।
- स्वस्थ जीवन विताउन क्षयरोगीले अनिवार्यरुपमा एचआईभी परीक्षण गर्ने र एचआईभी संक्रमितले अनिवार्यरुपमा क्षयरोगको परीक्षण गर्ने ।
- क्षयरोगका विरामीलाई घरपरिवार, आफन्त वा स्याहारकर्ताले राम्रोसंग स्याहार, मायाँ-ममता र सरसफाईमा ध्यान दिने ।
- सधैँ खाइरहने, घरमै तयार गरेका खाद्यपदार्थ, हरिया तरकारी, दूध, फुल, गेडागुडीका रस खुवाउने ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** पती, पत्नीबीच माया र सद्भाव बढ्नेछ, शुरु गरिएका कार्य समयमै फत्ते हुनेछन्, सन्तान पक्षबाट शुख मिल्नेछ, धैर्य गर्नुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** लामो समयदेखि मनमा भएको खटपटी हटेर जाने योग आएको छ, कार्यसिद्धीमा भएका बाधा अड्चन हट्ने छन्, स्वास्थ्यमा विचार गर्नुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा रमाइलो जमघट हुनेछ, शत्रुहरुको हार हुने समय आएको छ, धैर्यताका साथ अघि बढ्नुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** अनावश्यक चिन्ता हटेर जानाले शरीरमा स्फूर्ति पैदा हुनेछ, आजबाट शुरु गरेका कार्यमा सफलता मिल्नाले मन हर्षित रहने छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** व्यापार-व्यवसायमा फाइदाजनक योग छ, अकस्मात धन लाभ हुनेछ, आज तपाईलाई मिष्ठान्न भोजन तथा रमाइलो जमघट हुनाले मन प्रशन्न रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, मध्यान्हपछि सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** नयाँ अवसरका बाटो खुल्नेछन्, आम्दानीको स्रोत खुल्नेछ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** कार्यसिद्धिहुने दिन छ, मान-सम्मानमा वृद्धि हुनेछ, स्वास्थ्य तथा भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** धार्मिक कार्यमा सहभागी हुने दिन छ, बोलिको भरमा काम बन्नेछ बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ ,सतर्क रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धि रहेको छ ।

मिति २०८२/१२/०९ सोमबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. २७५,५००।-
चाँदी
प्रति तोला
रु. ४,४२५।-

# कोशी मिडिया समिट : १४ बुँदे घोषणापत्र जारी



**सुनसरी, चैत ९।** डिजिटल पत्रिका प्रदेश खबर डटकमको आयोजनामा इटहरीमा भएको 'कोशी मिडिया समिट' १४ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

कोशी प्रदेशका पत्रकार, सञ्चार उद्यमी लगायतको सहभागितामा नयन एडभरटाइजिङ मिडिया प्रालिद्वारा सञ्चालित प्रदेश खबर डटकमको आयोजना, नेपाल पत्रकार महासंघ कोशी प्रदेशको सहकार्य तथा नेपाल पत्रकार महासंघ सुनसरीको समन्वयमा सम्पन्न समिटले १४ बुँदे घोषणापत्र जारी गरेको हो ।

पत्रकार क्षेत्रका पेशागत संघ-संगठनका नेतृत्वकर्ता, मिडिया क्षेत्रका अगुवा, सञ्चालक, सञ्चारकर्मी तथा विज्ञापन एजेन्सीहरूको सहभागितामा कोशी प्रदेशको पत्रकारिता, विज्ञापन बजार र सञ्चार उद्योगको वर्तमान अवस्था, समस्या र समाधानका उपायबारे गहन अन्तरक्रियापछि घोषणापत्र जारी गरिएको आयोजक प्रदेश खबर डटकमका प्रधानसम्पादक तथा नयन एडभरटाइजिङ मिडिया प्रालिका अध्यक्ष पवन अधिकारीले जानकारी दिए ।

अध्यक्ष अधिकारीले मिडिया सञ्चालक, पत्रकार, विज्ञापन एजेन्सी लगायतका सरोकारवालाबीच मिडिया क्षेत्रका समग्र विषयमा छलफल गरी निष्कर्ष निकालिएको र त्यसलाई बुँदागत रूपमा टिपोट गरी घोषणापत्रको रूप दिइएको बताए ।

कार्यक्रममा सञ्चारकर्मी तथा मिडिया सञ्चालकका जिज्ञासा माथि प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्य, विज्ञापन बोर्डका कार्यकारी अध्यक्ष लक्ष्मण हुमागाँई र नेपाल पत्रकार महासंघका केन्द्रीय महासचिव रामप्रसाद दाहालले जवाफसहित छलफलमा सहभागिता जनाएका थिए । राष्ट्रिय समाचार समितिका अध्यक्ष धर्मेन्द्र झा र गोरखापत्र संस्थानका अध्यक्ष अखण्ड भण्डारीले सम्बन्धित संस्थाका विषयमा जानकारी गराउँदै पत्रकारिता क्षेत्रसँग सम्बन्धित विभिन्न विषयमा धारणा राखेका थिए ।

कार्यक्रममा पत्रकार आचारसंहिता, लोककल्याणकारी विज्ञापन, अन्य विज्ञापन, पत्रकारहरूको पारिश्रमिक, सामाजिक सुरक्षा कोषमा सहभागिता, नियुक्ति पत्र, पत्रकारका लागि वित्तीय विकासका कार्यक्रम, मिडिया सञ्चालनका विविध पक्षलगायत विषयमा पत्रकारहरू शालिग्राम पाण्डे, सुविद गुरागाँई, बन्धु पोखरेल, सुमन पुरी, सञ्जीव वाग्ले, खेमचन्द्र अधिकारी, राजन केडी, विदुर खवास, मिनकुमार नवोदित लगायतले जिज्ञासा राखेका थिए । त्यस्तै वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेती तथा नेपाल विज्ञापन संघका पूर्व अध्यक्ष सन्तोष श्रेष्ठले अतिथि वक्ताका रूपमा पत्रकारिता क्षेत्रमा देखिएका चुनौतीबारे आफ्नो धारणा राखेका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कोशी प्रदेशका अध्यक्ष भरत खड्काले कोशी प्रदेश केन्द्रित कार्यपत्र प्रस्तुत गरेका थिए भने नेपाल पत्रकार महासंघ सुनसरीका अध्यक्ष सन्तोष काफ्लेले स्वागत मन्तव्य राखेका थिए ।

पत्रकारिता क्षेत्रसँग आबद्ध विभिन्न पेशागत संघ-संगठनको सहभागितामा जारी घोषणापत्रमा विभिन्न मागहरू समेटिएका छन् । नेपालको संविधान २०७२ ले पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको अवस्थामा संघीय, प्रदेश र स्थानीय सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्ने अनुकूल वातावरण बनाउन भूमिका निर्वाह गर्न सम्मेलनले माग गरेको छ । अनुकूल समाचार प्रकाशन-प्रसारण नगरेको निहुँमा मिडिया र पत्रकार माथि हुने भौतिक आक्रमण तथा धम्कीका घटनाका दोषीलाई तत्काल कारबाहीको दायरामा ल्याई पत्रकारको सुरक्षाको ग्यारेन्टी गर्न नेपाल सरकारसँग सम्मेलनले जोडदार माग गरेको छ ।

त्यसैगरी सूचना विभागबाट पत्रकारलाई प्रदान गरिने प्रेस पास सहज रूपमा उपलब्ध गराउन र दुरुपयोग रोक्न, सम्पादकीय स्वतन्त्रता दृढतापूर्वक कार्यान्वयन गर्न तथा समाचार कक्षको स्वतन्त्रताका लागि उपयुक्त वातावरण निर्माण गर्न सम्मेलनले माग गरेको छ । मर्यादित पत्रकारिताको विकासका लागि अझ प्रभावकारी भूमिका खेल्न प्रेस काउन्सिल नेपालसँग सम्मेलनले आग्रह गरेको छ ।

कोशी घोषणा पत्रमा 'मिसइन्फर्मेसन' र 'डिसइन्फर्मेसन' बढिरहेको अवस्थामा पत्रकारहरूले थप विश्वसनीय र जवाफदेही भएर काम गर्नुपर्ने निष्कर्ष निकालिएको छ । सम्पूर्ण पत्रकारले आचारसंहिताको पूर्ण पालना गर्ने संकल्प गर्दै आचारसंहितालाई समयसापेक्ष परिमार्जन र परिस्कृत गर्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

सूचना प्रविधिको विकाससँगै पत्रकारिताको अर्थ, मान्यता र प्रक्रिया प्रभावित भएको सन्दर्भमा आचारसंहिताबारे नयाँ ढंगले छलफल गर्नुपर्ने निष्कर्ष पनि घोषणापत्रमा उल्लेख गरिएको छ । सामाजिक सञ्जाल, मिडिया, 'कन्टेन्ट क्रिएटर' र पत्रकारबीचको भिन्नता बुझाउन मिडिया साक्षरता तथा चेतनामूलक अभियान सञ्चालन गर्न सरकारी नियामक निकाय र सरोकारवालाले सहकार्य गर्नुपर्नेमा सम्मेलनले जोड दिएको छ ।

सरकारले वितरण गर्ने विज्ञापन समानुपातिक र समावेशी बनाउन तथा संकटमा रहेका सञ्चारगृहलाई अनुदान र 'सफ्ट लोन'को व्यवस्था गर्न सम्मेलनले माग गरेको छ । विज्ञापन बोर्डमार्फत लोककल्याणकारी विज्ञापनमा लाग्दै आएको कर छुट गर्न पनि माग गरिएको छ । श्रमजीवी पत्रकार ऐन तथा नियमावली कार्यान्वयनको अनुगमन गरी तत्काल लागू गर्न, सञ्चार गृहहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराई श्रमजीवी पत्रकारहरूको सामाजिक सुरक्षा सुनिश्चित गर्न सम्मेलनले माग गरेको छ ।

लोकतन्त्र, मानवअधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको रक्षार्थ पेशागत संगठनहरूलाई थप सशक्त बनाउने संकल्प सम्मेलनले लिएको छ । कोशी पर्यटन वर्ष २०८२ सफल बनाउन तथा कोशी प्रदेशको विकास र समृद्धिका लागि पत्रकारिता मार्फत सहयोग गर्ने प्रतिबद्धता पनि जनाइएको छ । इटहरीको दिगो विकासमा पत्रकारिता मार्फत सहयोग गर्ने प्रतिबद्धता समेत सम्मेलनले व्यक्त गरेको छ ।

कोशी मिडिया समिटमा टिपोट लेखन तथा घोषणापत्र तयार पार्न नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य अमर खड्काको संयोजकत्वमा हिमाल दाहाल र शिशिर भट्टराई सदस्य रहेको समिति गठन गरिएको थियो । कार्यक्रममा सवाल-जवाफका क्रममा उठेका प्रश्नहरूको समाधानतर्फ ध्यान दिनुपर्नेमा वक्ताहरूले जोड दिएका थिए ।

समिटमा झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर लगायत कोशी प्रदेशका विभिन्न जिल्लाबाट पत्रकार क्षेत्रका पेशागत संघ-संगठनका नेतृत्वकर्ता, मिडिया क्षेत्रका अगुवा, सञ्चालक, सञ्चारकर्मी तथा विज्ञापन एजेन्सीहरूको सहभागिता रहेको थियो ।

# क्यान्सरपीडित मण्डललाई आर्थिक सहयोगको अपिल




**भद्रपुर, चैत ९।** भद्रपुर नगरपालिका-६, बंगाली टोल निवासी ४५ वर्षीया इना मण्डल विगत चार वर्षदेखि क्यान्सर रोगबाट पीडित भई थलिएकी छिन् ।

लामो समयदेखि उपचार गराउँदै आएकी उनको पारिवारिक आर्थिक अवस्था अत्यन्तै कमजोर बन्दै गएको छ । परिवारको नाजुक अवस्थाका कारण उनको उपचार मात्र होइन, दैनिक घर खर्च व्यवस्थापन गर्न समेत कठिनाइ भइरहेको छ । उनका पति महादेव मण्डल र एक छोरा दैनिक ज्याला मजदुरी गरेर जेनतेन परिवार धानिरहेका छन् भने उनकी छोरी कक्षा ११ मा अध्ययनरत छिन् ।

आर्थिक अभावका कारण उपचारमा समस्या झेलिरहेकी इना मण्डलले उदारमना सहयोगदातासँग सहयोगको अपिल गरेकी छिन् । गम्भीर रोगसँग सङ्घर्ष गरिरहेकी उनलाई बचाउन आर्थिक सहयोग आवश्यक रहेको परिवारले जनाएको छ । उनको उपचारमा सहयोग गर्न इच्छुक महानुभावहरूले उपलब्ध क्यूआर कोड नम्बर २२२२३४००२०६५२००२ मार्फत यथाशक्य आर्थिक सहयोग गरिदिन परिवारले अनुरोध गरेको छ ।

# लागूऔषधसहित पक्राउ

**झापा, चैत ९।** लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले झापाको मेचीनगर नगरपालिका-६ स्थितमा चेकजाँचको क्रममा सर्लाही ईश्वरपुर-४ घर भई हाल अर्जुनधारा-११ स्थितमा डेरा गरी बस्दै आएका ३१ बर्षीय सनम बुर्जा मगरको साथबाट ७३ ग्राम सात सय ७० मिलिग्राम ब्राउनसुगर फेला पारी नियन्त्रण लिएको हो ।

त्यस्तै मोरङको बिराटनगर-१६ बाट लागूऔषध नियन्त्रण ब्यूरो विराटनगरले विराटनगर-१५ का मोहन चौधरीलाई चार ग्राम छ सय ५० मिलिग्रामसहित र कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको प्रादेशिक अनुसन्धान समूहले सुन्दरहरैँचा-६ का बिपिन दाहाललाई एक ग्राम ४९ मिलिग्राम ब्राउनसुगर सहित नियन्त्रणमा लिएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

SUNMAI SPRING
'थोपा-थोपामा जीवन छ'
HACCP ISO 9001:2015 स्वदेशी
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

घर ढलान गर्नुछ ?
तपाईको सेवामा सधैं
चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैंसम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय :
बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

विशेषज्ञ डाक्टरहरूको सेवा अब
कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ ।
साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

झापामै पहिलो होमियोप्याथिक
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ ।
- पेटका रोगहरु: ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस,
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि ।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैंजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि ।
तारा होमियो फार्मेसी
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर
काठमाडौंका विशेषज्ञ बिर्तामोडमा
स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ डाक्टर अनिलकुमार महतो यही २०८२ साल चैत ७ गते शनिबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको
समय : बिहान ८:०० देखि ३:००
स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२, ९७६२९००२८८

## भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

## हक दाबी गर्ने सम्बन्धी सूचना

भद्रपुर नगरपालिका वा. नं. ०६ बस्ने श्री हिरावती राजवंशी, ओम प्रकाश राजवंशी र होम नारायण राजवंशीको नाममा दर्ता कायम रहेको साविक महेशपुर–६ हाल भद्रपुर न.पा.वा.नं. ६ को कि.नं. १३७८ र १३९७ को जम्मा व.मि. ६००.०० जग्गामा भवन निर्माण गर्न नक्सा पास गरी पाउँ भनी नक्सासहित निवेदन पेश भई सँधियारको नममा सूचना प्रकाशित गरी स्थलगत सरजमिन बुझ्न जाँदा दक्षिणतर्फको सँधियार श्री श्रृया चापागाँई सरजमिन स्थलमा उपस्थित नहुनु भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नफा ३१ को (क) बमोजिम दोस्रो पटक यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यस विषयमा तपाईको कुनै किसिमको दाबी विरोध भए १५ दिनभित्रमा आफूलाई मर्का परेको विवरण खुलाइ यस भद्रपुर नगर कार्यपालिकाको भवन नक्सा शाखामा आई उजुरी दिनु होला म्यादभित्र दावी विरोध नभए नियमानुसार भई जाने व्यहोरा जानकारी गराइन्छ ।

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

नर बहादुर सुनुवारको नाती, अम्बर बहादुर सुनुवारको छोरा कोशी प्रदेश ओखलढुंगा जिल्ला लिखु गाँउपालिका वडा नं. ०५ बस्ने रोज बहादुर सुनुवारले यस लिखु शाखामा खाता नं. ४१५१५२४१४०११५६ संचालन गर्दै आउनु भएकोमा मिति २०८२-०६-११ मा निज खातावाला रोज बहादुर सुनुवारको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने तारामाया रुपाचाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक रोज बहादुर सुनुवारको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
लिखु शाखा
फोन नम्बर : ९८५२०७०३७३